**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**परीक्षा नियन्त्रण कार्यालय**
**सानोठिमि, भक्तपुरको**
**प्राविधिक एस.एल.सी. तर्फ १८ महिने ANM तहको मौका परीक्षाको परीक्षा आवेदन फाराम भरी बुझाउने बारे अत्यन्त जरूरी सूचना !!!**

(सूचना प्रकाशित मितिः २०७४।०५।०८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्बन्धन/स्वीकृती प्राप्त गरी निजी स्तरमा १८ महिने **ANM** विषयमा तालीम संचालन गर्ने शिक्षण संस्थाका लागि २०७३ साल पौष **/** माघ महिनामा संचालन भएको नियमित परीक्षामा सम्मिलित भइ सैद्वान्तिक तथा प्रयोगात्मक तर्फ एक विषय मात्र अनुतिर्ण भएका प्रशिक्षार्थीहरुलाई प्रति विषय फाराम शूल्क रु २१०। ( अक्षेरुपी दूइसय दश मात्र ) शूल्क सहित तपशिलमा उल्लेख भए वमोजमको सूचना अनुसार सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम भराई वुझाउनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## तपशिलः

### शर्तहरुः

१. शिक्षण संस्थाहरुबाट आंशिक परीक्षार्थीहरुको आवेदन फारामका साथ फाइल खडा गरी रकम बुझाएको रसिद संलग्न गरी सम्वन्धित क्षेत्रीय कार्यालयहरुमा दर्ता गर्नु पर्नेछ।
२. परीक्षा आवेदन फाराम साथ हालसालै खिचिएको दुई प्रति पासपोर्ट साईजको फोटो समावेश गर्नु पर्नेछ।
३. परीक्षा नियन्त्रण कार्यालयले संचालन गरेको अघिल्लो परीक्षाबाट प्राप्त लब्धाङ्क पत्रको फोटोकपी फाराम साथ अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ।
४. उल्लेखित शर्त पूरा नभएका र तोकिएको समयपछि प्राप्त आवेदन फाराम उपर कुनै कार्यवाही गरिने छैन, त्यसको जवाफदेही परीक्षा नियन्त्रण कार्यालय हुने छैन।
५. कुनै पनि शिक्षण संस्थाले शर्त पूरा नभएका प्रशिक्षार्थीहरुको परीक्षा आवेदन फाराम नियतवस समावेश गराई यदि प्रशिक्षार्थीहरुले परीक्षा दिएमा त्यस्ता परीक्षार्थीहरुको परीक्षा नतिजा स्वतः रद्ध हुने छ र त्यस्ता शिक्षण संस्थालाई परिषद्को ऐन, नियम तथा विनियम बमोजिम कारवाही हुनेछ।
६. परीक्षा आवेदन फाराम भर्दा केरमेट, टिपेक्स लगाएको पाईएमा आवेदन फाराम बुझिने छैन।

परीक्षा फाराम वुझाउने स्थान र मिति तथा परीक्षा संचालन मिति र समय

१.फाराम वुझाउने मिति :२०७४ साल भाद्र ८ गते देखि २०७४ साल भाद्र २१ गतेसम्म ।
२.परीक्षा संचालन हुने मिति : २०७४ साल भाद्र ३१ गते शनिवार
३.समय : दिउसो १ वजे ।
४.फाराम वुझाउने स्थान : सम्वन्धित क्षेत्रीय कार्यालयहरुमा ।

परीक्षा केन्द्रः

क. परीक्षा नियन्त्रण कार्यालय सानोठिमि भक्तपुरमा परीक्षा आवेदन फाराम वुझाउने संस्थाहरुको लागि वालाजु स्कूल अफ ईन्जिनियरीङ एण्ड टेक्नोलोजी, वालाजु, काठमाण्डौ केन्द्र ।
ख. मध्य क्षेत्र क्षेत्रीय कार्यालय भरतपुर अन्तर्गतका संस्थाहरुको लागि स्कुल अफ हेल्थ साईन्स भरतपुर चितवन केन्द्र ।
ग. पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर ,वांके अन्तर्गतका संस्थाहरुको लागि भेरी प्राविधिक शिक्षालय ,नेपालगंज,वांके केन्द्र ।
घ. पूर्व क्षेत्र क्षेत्रीय कार्यालय ,ईटहरी ,सुनसरी अन्तर्गतका संस्थाहरुको लागि श्री ज्योती माध्यामिक विद्यालय, ईटहरी ।

परीक्षा नियन्त्रक